# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०२।२४ गते

# प्रेस विज्ञप्ति
## विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

---

श्री सशस्त्र प्रहरी बल, नेपाल, नं. ११ गण, हजमिनिया, रौतहटमा कार्यरत रही सो कार्यालयबाट सादा पोशाकमा परिचालित सशस्त्र प्रहरी जवान अरूण झाले नेपाल भारत सिमाबाट कस्मेटिक सामानहरू ल्याउन सहज गराईदिने भनि सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवास, महोत्तरीबाट खटिइ गएको टोलीले निज सशस्त्र प्रहरी जवान अरूण झालाई सेवाग्राहीसँग रू.३०,०००। -(तीस हजार) घुस बापतको रकम लिइसकेको अवस्थामा रौतहट जिल्ला गौर नगरपालिका वडा नं. ४ हनुमान चोक स्थित खुश्बु मोटरसाईकल वर्कसपबाट मिति २०७६।०२।२३ गते रङ्गेहात नियन्त्रणमा लिई अनुसन्धान भैरहेको छ ।

(काली प्रसाद पराजुली)
सह-सचिव